# कचनकवल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बनियानी, झापा

१ न प्रदेश,नेपाल

पत्र संख्या: २०७७/०७८
चलानी नं.: 2060

मिति :- २०७८/०१/२२

**बिषय :- सुचना कार्यान्वयन सम्बन्धमा।**

प्रस्तुत बिषयमा बर्तमान अवस्थामा देखा परेको कोभिड-१९ दोश्रो चरणको नया प्रजातिको संक्रमण छिमेकी मुलुकहरुमा तिब्र गतिले वृद्धि भइरहेको र नेपालमा पनि सोहि गतिमा वृद्धि भईरहेकोले यसको संक्रमण फैलिन नदिन जिल्ला संकट व्यवस्थापन समितिको मिति २०७८/०१/१७ गतेको निर्णय लाई यथावत पालना गर्दै मिति २०७८/०१/२१ गतेको जिल्ला प्रशासन बाट प्राप्त पत्र अनुसार मिति २०७८/०१/२२ गते मध्यराति १२:०० बजे देखि मिति २०७८/०१/३१ गते मध्य राति १२:०० बजे सम्म झापा जिल्लाभर लागु हुने गरि देहाय बमोजिम का निसेधाज्ञा को जारि आदेस बमोजिम सरोकार वाला सर्वसाधारण सबैका लागि अनिवार्य पालना गर्नु / गराउनुहुन जानकारीको लागि अनुरोध छ।

**निम्न:**

**१. सरकारी/सार्वजनिक कार्यालय तथा बैंक/वित्तीय संस्था संचालन सम्बन्धमा**

सरकारी र सार्वजनिक कार्यालय तथा बैंक/वित्तीय संस्थाहरुमा अनावश्यक भिडभाड हुन नदिने र अत्यावश्यक सेवा प्रवाह गर्ने कार्यालय बाहेक अन्य कार्यालय आलोपालो पद्धति अनुसार कर्मचारी खटाई काम सुचारु राख्ने व्यवस्था मिलाउने। घरबाटै गर्न सकिने कामको हकमा Work From Home को व्यवस्था गर्ने, यसरी आलोपालोमा अनुपस्थित हुने कर्मचारीको हकमा कार्यालय प्रमुखले कोभिड काज जनाउने। साथै सरकारी, सार्वजनिक र अत्यावश्यक सेवाका कर्मचारीलाई कार्यालयको परिचय पत्रका आधारमा सवारी साधन चलाउन पाइने।

**२. पसल तथा व्यवसाय सञ्चालन सम्बन्धमा**

खाद्यबस्तु, खाना पकाउने ग्यास, तरकारी, फलफूल, दुध डेरी, निर्माण सामग्री लगायत अत्यावश्यक पसल व्यवसायहरु विहान ०६:०० बजे देखि विहान १०:०० बजे सम्म सञ्चालन गर्ने। डिपार्टमेन्ट स्टोरको हकमा ग्रोसरी कक्षमात्र विहान ०६:०० बजे देखि विहान १०:०० बजे सम्म सञ्चालन गर्ने। अन्य पसल व्यवसाय पूर्ण रुपले बन्द गर्ने। स्थानीय स्तरमा होम डेलिभरीका लागि आवश्यक व्यवस्था मिलाउन सकिने छ।

**३. सवारी साधन सञ्चालन सम्बन्धमा**

- अत्यावश्यक सेवाहरु वाहेकका सबै प्रकारका सार्वजनिक एवं निजी सवारी साधन मिति २०७८ बैशाख २२ गते राती १२:०० बजे देखि ऐ. ३१ गते राती १२:०० बजेसम्म झापा जिल्ला भर सञ्चालनमा पूर्ण रुपले रोक लगाउने।

- अत्यावश्यक सेवाहरु जस्तै एम्बुलेन्स, खानेपानी, ईन्धन तथा लुब्रिकेन्ट, स्वास्थ्य, खाद्यान्न, तरकारी, फलफूल, दुध, तथा दुग्धजन्य पदार्थ, पशुपंक्षी तथा पशुपंक्षीजन्य पदार्थ, मासु तथा मासुजन्य बस्तु बोकेको सवारी साधन, बैङ्क, वित्तीय संस्था, रेडक्रस, दुरसञ्चार, विद्युत, इन्टरनेट, क्वारेन्टिन, आइसोलेसन, फोहोरमैला व्यवस्थापन, कुरियर तथा डाकसेवा लगायतका सवारी साधनहरु विषय उल्लेख गरी सञ्चालन गर्न पाउने।



प्रमुख प्रशासकीय अधिकृत

कचनकवल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बनियानी, झापा

पत्र संख्या: २०७७/०७८
चलानी नं.: 2060

१ न प्रदेश,नेपाल
मिति :- २०७८/०१/२२

---

**४. विवाह तथा मृत्यु संस्कार सम्बन्धमा**

- विवाहको लागि बढीमा १० जनासम्म जन्ति जान आउन दुलाहा दुलही सहित २ वटा सवारी साधनमा ५/५ जना सम्म व्यक्ति व्यानर राखेर प्रयोग गरी जिल्ला भित्र वा अन्य जिल्लामा आवत जावत गर्नु पर्दा अनुमति पास आवश्यक नपर्ने।
- विवाह (दुलाहा दुलही सहित) तथा ब्रतबन्ध आयोजनाका लागि २५ जना भन्दा बढी नहुने गरी सहभागी हुन पाउने।
- मृत्यु संस्कार, बिरामी कुरुवाको रुपमा अनिवार्य सहभागि हुनु पर्ने व्यक्तिले अन्य जिल्लामा जानु पर्दा सम्बन्धित व्यक्तिले उक्त व्यहोरा खुल्ने कागजात (निवेदन, अस्पतालको कागजात वा सम्बन्धित स्थानीय तहको सिफारिश) सहित जिल्ला प्रशासन कार्यालयमा अनुमतिका लागि निवेदन पेश गर्नु पर्ने।

**५. सिमा नाका सम्बन्धमा**

झापा जिल्लाको काकडभित्ता नाका बाहेकका अन्य नाका बाट आवतजावत मा पूर्ण रुपमा रोक लगाइएको छ|

**६ .सभा सम्मेलनको हकमा**

सबै प्रकारका सभा, सम्मेलन, जुलुस, गोष्ठी, तालिम, सेमिनार जस्ता कार्यहरु संचालन गर्न नपाइने।

**७. आदेशको अवहेलना गर्ने** वा काममा बाधा पुयाउने व्यक्तिलाई संक्रामक रोग नियन्त्रण ऐन २०२० तथा प्रचलित कानून बमोजिम कारवाही गरिने छ।

प्रमुख प्रशासकीय अधिकृत

---